सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ अंक ८८ २०८० साल, मंसीर २० गते बुधबार Wednesday 6 Dec, 2023 मूल्य रु. ५/- पृष्ठ : ४

## सिम्रौनगढ, जीतपुरसिमराको सिमरा र कोल्हवी इलाका प्रशासन कार्यालय बाट सेवा नमिल्दा सेवाग्राही मर्कामा




***शुभम सन्देश,***
***बरा, १९ मंसीर***

बाराको सिम्रौनगढ, जीतपुर सिमरा र कोल्हवी इलाका प्रशासान कार्यालयमा प्रशासकीय अधिकृतको अभावले इलाका प्रशासन कार्यालय बाट सेवा नमिल्दा इलाकाका अर्न्तगतका नागरिकहरु मारमा परेका छन् ।

जिल्ला बासीलाई छिटो छरितो सहज रुपमा सेवा मिलोस भन्ने उदेश्यले जिल्लाका तीन स्थानहरुमा नागरिकता लगायतका सेवा दिन ईलाका प्रशासन कार्यालयहरु खोलिएका छन । जीतपुरसिमरा, कोल्हवी र सिम्रौनगढमा ईलाका प्रशासन कार्यालयहरु रहेका छन् । तर यी इलाका प्रशासन कार्यालयमा करिब एक महिना देखि प्रशासकीय अधिकृत नहुदा सेवा नै ठप्प हुन पुगेको छ ।

इलाकाबाट सेवा नपाएपछि अहिले सेवाग्रहीहरु जिल्ला प्रशासन कार्यालय धाउन थालेका हुन । महगो गाडी भाडा तिरी लामो यात्रा गरेर आएका सेवाग्रहीहरु दिनभर लाईन बसेर पनि एक दिनमा गराउने काम कर्मचारीले गर्न सकिरहेको छैन । जिल्ला प्रशासन कार्यालय बारामा बिहान ८ बजेदेखि नै लाईनमा बसेर पनि काम हुन नसकेको कार्यालय परिसरमा भेटिएका सेवाग्राही



रामबिलास महतोले दुखेसो सुनाए ।जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउँदा एक दिनको काममा हप्तौं लाग्ने गरेको र शाखा अधिकृत नहुँदा काम नभई घर फर्किने अवस्था रहेको अर्का एक सेवाग्राहीले बताए । प्रशासन कार्यालयमा सवैभन्दा बढि प्रतिलिपी लिन आउने सेवाग्राहीले बढि दुख पाउने गरेका छन । प्रतिलिपी नागरिकता लिन हप्तादेखी महिनौ सम्म लाग्ने गरेको एक सेवाग्रहीले गुनासो सुनाए। आफनै ठाउँमा सेव केन्द्र हुदा हुदै जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउनेहरुको भिड नै लाग्ने गरेको छ । विभिन्न सेवाका लागि प्रशासन कार्यालयमा आएका सेवाग्रहीहरुको लाम्बद्ध लाईने नै हुने गरेको छ।नागरिकता लगायत अन्य काम विशेषले जिल्ला प्रशासन कार्यालय आउने सेवाग्रहीहरु समयमै काम नभएर हैरान भइरहदा समेत एक महिना बितिसक्दा समेत सम्बन्धित मन्त्रालय बाट प्रशासकिय अधिकृत पठाएको छैन ।

यसरी जिल्ला प्रशासन कार्यालय बारामा सेवाग्रहीहरु सहज रुपमा सेवा लिन नपाउनु र बेतिथी चाँङ्ग बढ्दै जानुमा मुख्य कारण भनेकै कर्मचारीका अभाव हो । प्रशासन कार्यालयमा तीन वटा प्रशासकीय अधिकृतले गर्नुपर्ने काम अहिले एक जना अधिकतले मात्र गर्दै आएका छन। लामो समय इलाका प्रशासन कार्यलयमा अधिकृत नहुदा जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउँदा एक दिनको काममा हप्तौं लाग्ने गरेको र जिल्लामा समेत शाखा अधिकृत नहुँदा काम नभई घर फर्किने अवस्था रहेको अर्का एक अर्का सेवाग्राही सिम्रौनगढका रहमत अंसारीले बताए । जिल्ला प्रशासन कार्यालयमा सवैभन्दा बढि प्रतिलिपी लिन आउने सेवाग्राहीले बढि दुख पाउने गरेका छन ।

## एनसेल खरिद-बिक्री प्रकरण सरकारले छानबिन गर्ने

**मंसिर १९,**
**काठमाडौं –**

एनसेल खरिद-बिक्री प्रकरण सरकारले छानबिन गर्ने भएको छ। सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले मंगलबार एक विज्ञप्ति जारी गर्दै सरकारले एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा समिति बनाएर विस्तृत अध्ययन तथा छानबिन गर्ने जानकारी दिएकी छन् ।

नेपाल सरकारले एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा प्रचलित कानुनी प्रावधान तथा अन्तर्राष्ट्रिय विधि र प्रक्रियाको पालना एवम् यस्ता




क्रियाकलापबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर तथा नेपाल सरकारको राजस्व लगायतका विषयमा पर्ने प्रभावका बारेमा विस्तृत अध्ययन तथा छानबिन गर्नेछ,' विज्ञप्तिमा उल्लेख गरिएको छ । उनले समिति कति सदस्य बन्ने भन्ने टुंगो लागि नसकेको बताइन् । एनसेल खरिद-बिक्री जालसाझीपूर्ण भएको सत्ता गठबन्धनको ठहर, छानबिन गर्ने समझदारी मन्त्री शर्माले छानबिनबाट कुनै अनियमितता भएको पाइएमा सम्बन्धित सबैलाई तत्काल कानुनबमोजिम कडा कारबाही हुने बताइन् ।

विज्ञप्तिमा लेखिएको छ, यस अध्ययन तथा छानबिनबाट कुनै अनियमितता भएको पाइएमा नेपाल सरकारले सम्बन्धित सबैलाई तत्काल कानुनबमोजिम कडा कारबाहीको दायरामा ल्याउनेछ। नेपाल र नेपालीको हित संरक्षण तथा प्रचलित कानुनको पालना गर्न

**बाँकी तेस्रो पृष्ठमा........**

## माओवादी कमजोर भए गणतन्त्र धरापमा पर्छ :प्रधानमन्त्री प्रचण्ड






**महोत्तरी -** नेपाल कम्युस्टि पार्टी ( माओवादी केन्द) का अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादी कमजोर भए गणतन्त्र धरापमा पर्ने बताउनुभएको छ। मङ्गलबार महोत्तरीको गौशालामा आयोजित मधेश प्रदेशस्तरीय अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले परिवर्तनको रक्षा गर्न माओवादी बलियो हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष प्रचण्डले भन्नुभयो, "मैले पार्टी अध्यक्षको नाताले, देशको प्रधानमन्त्रीको नाताले देश दुनियाँ जसरी देखेको छु। त्यसरी हेर्दा हाम्रो पार्टी मात्रै कमजोर हुने हो भने सङ्घीय लोकतान्त्रिक गणतन्त्र धरापमा पर्छ। उहाँले माओवादीबाहेक कसैले देशको स्वाधीनता र स्वतन्त्रताको पक्षमा काँध नथाप्ने बताउनुभयो। "सङ्घीय लोकतान्त्रिक गणतन्त्र धरापमा परेर कुनै निरङ्कुशतन्त्र आयो भने यो देश टिक्नेबाला छैन। देशको अस्तित्व खतरामा पर्छ। माओवादीबाहेक अरु कसैले वा कुनै पार्टी विशेषले देशको राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको पक्षमा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा काँध थाप्नेबाला छैन् उहाँले भन्नु भयो ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बिगुल नेकपा माओवादीले फुकेको हो", प्रधानमन्त्री दाहालले नेता तथा कार्यकर्तालाई प्रेरित गर्दै भन्नुभयो, "यसको स्थायित्व र सबलीकरणको नेतृत्व पनि हामीले नै गर्नुपर्छ।" स्वार्थभन्दा माथि उठेर काम गर्न उहाँले निर्देशन दिनुभयो ।

अभियानका क्रममा जनसरोकारका मुद्दा पार्टीका नेता कार्यकर्ताले उठाउन र उजागर गर्न उहाँले अपिल गर्नुभयो । अभियानमा जोडिएका सबै नेता कार्यकर्ताको मूल्याङ्कन पार्टी नेतृत्वले गरिरहेको उहाँले बताउनुभयो ।

अध्यक्ष प्रचण्डले पार्टी र सरकारको सन्देश प्रत्येक घरघरमा पु-याउन सञ्चालन गरेको "जनतासँग माओवादी विशेष रुपान्तरण अभियान" एक महिना थप गरिएको घोषणासमेत गर्नुभयो। माओवादी र जनताको सम्बन्ध सुदृढ र सुमधुर बनाउन रुपान्तरण अभियानको समयावधि थप गर्नुपर्छ भन्ने कुरा कार्यकर्ताबाट आएपछि एक महिनाका लागि अभियान थपिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "अब फेरि सयम थप्दैनौ। अभियान सकिएपछि केन्द्रीय समितिको बैठक बस्छ। समग्र अभियानको समीक्षा गरे लगत्तै विधान सम्मेलन गर्छौं। त्यसलगत्तै तीन महिने पार्टी सुदृढ अभियान चलाउँछौं।''मधेश प्रदेश माओवादीका लागि उर्वरभूमि

**बाँकी तेस्रो पृष्ठमा........**

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार : परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा


भुकम्पबाट बच्ने उपायहरू...............
-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔं ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।
आदर्श कोतवाल
गाउँपालिकाको कार्यालय
महेन्द्र आदर्श बारा

# राष्ट्रिय शिक्षा नीतिमा भौचर प्रणालीको बहस खोइ ?

पूर्वीय दर्शनमा मानिसका चार पुरुषार्थ बारे उल्लेख छ । ती हुन्- धर्म, अर्थ, काम र मोक्ष । यसको मतलब हुन्छ- धर्म अनुसारको आचरणबाट धन कमाउने, सो धनबाट आफूलाई आवश्यक वस्तु खरिद गरी उपभोग गर्ने र धार्मिक सात्विक कर्मद्वारा मोक्षको प्राप्तितर्फ अग्रसर रहने । राज्यले नागरिकलाई यस अनुसार आचरण गर्न प्रेरित गर्ने गरी नीति-नियम बनाउने र लागू गर्दै जाने ।

यो गर्नका निम्ति राज्यसंचालक पनि धर्माचरण गर्दै राज्यका जिम्मामा रहेका सम्पूर्ण साधनको पारदर्शी उपयोग गर्दै जनकल्याणमा आफूलाई समर्पित गर्ने ।अर्थ-राजनीति भनेको राज्यका साधन र स्रोतहरूको जोहो गर्दै त्यसको वितरणमा विशेष ध्यान दिंदै सर्वजन हिताय: कायम गर्ने नीति हो । यिनै नीतिहरूको जडमा शिक्षा नीति आउँछ । मुलुक अहिले राष्ट्रिय शिक्षा नीति निर्माण गर्ने कार्यको अन्तिम सँघारमा छ । पछिल्लो राजनीतिक परिवर्तनलाई सम्बोधन गर्न बनेको नयाँ संविधान र यसको मर्म अनुसार देशमा जनशक्ति उत्पादन गर्दै समाजलाई नवीन दिशातर्फ डोऱ्याउनको निम्ति तदनुरूपको शिक्षा ऐन तथा नीतिको आवश्यकता पर्दछ नै ।मुख्य कुरो अब बन्ने शिक्षा ऐनले समकालीन समाजका तत्कालीन समस्याहरू हल गर्नु त पर्छ नै; यसको अतिरिक्त आगामी ५० वर्षसम्म देशलाई दिशानिर्देश गरोस् भन्ने अभिप्राय सम्पूर्ण नेपालीको छ ।

सबैको एउटै आवाज छ कि देशमा उपयुक्त शिक्षा नीतिको अभाव र भएको नीतिको इमानदार कार्यान्वयनको अभावको कारण मुलुक युवाविहीन बन्दैछ, मानिस अनैतिक र बेइमान बनिरहेका छन् । न मानिसमा (विशेषगरी कार्यान्वयन तहमा बसेका) कानुनमाथि सम्मान छ न धर्मप्रति । यसकारण विद्यमान शिक्षा नीतिमाथि यति धेरै प्रश्न उठेको हुनुपर्दछ ।यस आलेखमा उठान गर्न खोजिएको विषयवस्तु भने अर्कै छ । त्यो हो भौचर प्रणाली । नयाँ शिक्षा ऐन निर्माण गर्ने सन्दर्भमा यसबारे कहींकतै उल्लेख्य बहस चलेको पाइएन । हुनसक्छ, मैले थाहा नपाएर होला या यो त्यति पेचिलो प्रणाली नभएको कारणले




शिक्षाविद्हरूको नजरमा नपुगेको भएर होला । आवाज नउठेपछि ऐनमा आउने त कुरै भएन ।

तैपनि संसारमा विशेषगरी विकासको प्रारम्भिक चरणमा प्रयोगमा आएको र निकै चर्चा चलेको यो भौचर प्रणालीबारे केही जानकारी पस्कन चाहन्छु ।अमेरिकी दार्शनिक थोमस पेनले करिब २०० वर्षअघि शिक्षामा भौचर प्रणालीको प्रयोगबारे पहिलो पटक राज्यसँग प्रस्ताव पेश गरेका थिए । पछि सन् १९६७ मा वेष्ट नाम गरेका विद्वान्ले यसको विस्तृत खाका तयार पारे । सन् १८६२ देखि १८९७ सम्म इङ्गल्याण्ड र वेल्सका प्राथमिक शिक्षालयमा यो प्रणाली लागू गरियो ।

**बैकुण्ठ पाण्डे**

आधुनिक भौचर प्रणालीको इतिहास भने धेरै पुरानो छैन । प्रसिद्ध अर्थशास्त्री एवं नोबेल पुरस्कार विजेता मिल्टन फ्रिडमेनले 'शिक्षामा सरकारको भूमिका' शीर्षकमा एउटा आलेख प्रकाशित गरे । पुनः यस आलेखलाई परिमार्जन गरेर उनले सन् १९६२ मा 'पूँजीवाद र स्वतन्त्रता' नामक पुस्तक प्रकाशित गरे जुन निकै चर्चित बन्यो ।सन् १९६६ सम्म आइपुग्दा शिक्षाको र कम वितरण गर्न भौचर प्रणाली एक सक्षम माध्यम हो भन्ने कुरा पुष्टि भयो । यो प्रणाली अमेरिकामा समाजशास्त्री क्रिस्टोफर जेनेडको नेतृत्वमा लागू गर्ने अनुमति दिइयो । लामो अध्ययनपछि उनले भौचर प्रणाली विकास गरे । उनको योजनामा तीन वटा प्रमुख विषयहरू समावेश गरिएको थियो- भौचरको आकार वा रकम, विद्यालयको मापदण्ड र आधारभूत सूचना प्रणाली ।यो प्रणालीको परीक्षण अमेरिकाको क्यालिफोर्निया राज्यको सान जोसेमा गरियो । सन् १९७० को अन्त्यतिर यसको पक्षमा सक्रिय अभियान चलाइयो । सन् १९७८ मा यसबारे निर्णय गर्न जनमत संग्रहको घोषणा समेत गरियो ।

**के हो त भौचर प्रणाली ?** भौचर प्रणाली गरिबको चाहनाको प्रतिनिधित्व गर्ने वैज्ञानिक विधि हो । सरकारले शिक्षाका निम्ति विभिन्न स्रोत जुटाइसकेपछि विभिन्न तह, विद्यालय, विद्यार्थी र क्षेत्रबीच कसरी रकम वितरण गर्ने भन्ने बारे निर्णय लिनुपर्दछ । यो निर्णय समता र दक्षताको आधारमा गरिन्छ । विभिन्न शैक्षिक आवश्यकता बोकेका र विभिन्न भौगोलिक पृष्ठभूमिमा रहेका विद्यार्थीलाई अनुकूल हुने गरी भौचरको वितरण गरिनु नै समताको सिद्धान्त हो ।

भौचर रकम खर्च गर्दा प्रभावकारी र उद्देश्यमूलक भयो भने त्यसलाई दक्षताको सिद्धान्त पालना भएको मानिन्छ । यो प्रणालीबाट शिक्षामा नागरिकको सहभागिता र शिक्षाले सामाजिक विकासमा गर्ने योगदानको समेत मूल्याङ्कन गरिन्छ ।भौचर प्रणाली अभिभावक तथा विद्यार्थीका लागि एउटा प्रमाणपत्र हो जसलाई भौचर भनिन्छ । यो प्रमाणपत्र लगेर स्वीकृत प्राप्त विद्यालयमा भौचरमा उल्लेखित रकम बराबरको शिक्षा सेवा लिन दिइन्छ ।

यस्तो भौचर निजी वा सामुदायिक विद्यालयमा स्वीकार गरिने हुनाले विद्यालयहरूमा भौचर तान्ने प्रतिस्पर्धा हुन्छ । विद्यार्थीलाई आफूलाई मन परेको विद्यालयमा मन परेको विषय पढ्न पाउने हुँदा विद्यार्थी तथा अभिभावकहरूले स्तरीय शिक्षाको अवसर प्राप्त गर्दछन् । यसलाई विद्वान् जेनेकले गरिबमुखी प्रणालीको उपमा दिएका छन् ।गरिब वा धनी सबैलाई एउटा निश्चित क्राइटेरियाको आधारमा समान रकम उपलब्ध गराइनुपर्नेमा मिल्टन फ्रिडमेन जोड दिन्छन् । महँगो विद्यालयमा पढाउन चाहने अभिभावकले भौचरमा उल्लेखित रकम लिई बाँकी रकम अभिभावकले व्यवस्था गर्नुपर्दछ । तर भौचर लिएर पढाउने विद्यालयको न्यूनतम स्तर पूरा भएकै हुनुपर्दछ ।

उनी गरिब विद्यार्थीको भौचरको रकम धनीको भन्दा बढी हुनुपर्दछ भन्छन् । कोन र सुगरम्यानले प्रस्ताव गरेको भौचर प्रणालीमा कक्षाकोठा, पाठ्यक्रम, मातृभाषा, विशेष आवश्यकता, अपाङ्गता, स्थानीय लागत र सामाजिक-सांस्कृतिक पक्षलाई हेरिनुपर्ने कुराहरू छन् ।भौचर प्रणाली निजी सार्वजनिक मोडलको शिक्षा प्रणाली हो । यसले शिक्षालाई प्रतिस्पर्धात्मक बनाउँछ । समाजमा न्यायको प्रत्याभूति दिलाउँछ । निश्चित मापदण्ड तोकेका विद्यालयहरू मात्र यसमा सहभागी हुने हुनाले पाठ्यक्रम, शिक्षक र विद्यार्थीको प्रवेशबारे नियमन हुनुपर्दछ ।

यसरी नियमन गर्दा समता र दक्षताको सिद्धान्त अनुसार पाठ्यक्रम छ/छैन, शिक्षक कर्मचारीको नियुक्ति वा पारिश्रमिक निर्धारण कसरी गरिएको छ, शुल्क निर्धारण कसरी गरिएको छ, उनीहरूको जीवनस्तर उच्च हुने प्रावधान छन्/छैनन् जस्ता कडीहरूबारे स्पष्ट हुनुपर्दछ । समुदायको धर्म, दर्शन, अभिव्यक्ति स्वतन्त्रता र आर्थिक स्वतन्त्रतालाई आधार मानी तयार पारिएको पाठ्यक्रमका लागि राज्यले भौचर प्रणाली मार्फत रकम भुक्तानी गर्दछ । अमेरिकाको सर्वोच्च अदालतले यो योजनालाई संस्थाभन्दा परिवारलाई सहयोग गर्ने साधन भनेर व्याख्या गऱ्यो ।

**नेपाली सन्दर्भ**

नेपालमा भौचर प्रणाली लागू गरेर जान सकिने स्थिति हो/हैन, यसबारे कहिल्यै बहस भएन । निश्चित मापदण्डको आधारमा भौचर लागू गर्न अनुमति दिएर सामुदायिक र संस्थागत विद्यालयहरूलाई प्रतिस्पर्धा गर्न लगाउँदा के बिग्रन्थ्यो र ! सक्षम र स्तरीय सामुदायिक विद्यालय जसले निकै राम्रो काम गरिराखेका छन् उनीहरूलाई संस्थागत विद्यालयहरूसँग प्रतिस्पर्धा गर्न लगाउँदा समाजमा स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण भई शिक्षामा समताको स्थिति निर्माण हुनसक्थ्यो ।यसो हुँदा सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई लाग्दै गरेको आरोपबाट उन्मुक्ति मिल्दथ्यो ।

संस्थागत विद्यालयहरू बढी नाफामुखी र विदेशी भाषाप्रेमी भए भन्ने आरोप र सामुदायिक विद्यालयहरू सरकारी नीतिको आडमा बाँचेका, स्वतन्त्र रूपले प्रतिस्पर्धा गर्नै नसक्ने र राजनीतिकर्मीहरूको अखडा बन्यो भन्ने आरोपहरू गुह्य हुन् । यी आरोपबाट दुवै प्रकारका विद्यालयहरूले पार पाउन ठूलै मिहिनेत गर्नुपर्दछ ।यसर्थ भौचर प्रणाली लागू भएपछि सामाजिक न्याय र दक्षताको सिद्धान्तको परिपालना भई देशमा वैज्ञानिक शिक्षा प्रणाली लागू गर्न सहज हुनेथियो । करिब २२०० अर्ब ऋण बोकेको, करिब १५०० अर्ब व्यापार घाटा रहेको र बेलाबेलामा भुक्तान सन्तुलनको समस्याको चपेटामा परेको नेपाली अर्थतन्त्रमा विद्यालय शिक्षा निःशुल्क हुन सम्भव देखिंदैन र जेनतेन निःशुल्क घोषणा गरिहाले तापनि अभिभावक वर्गमा अन्ततः भार पर्ने गरी छद्म रूपमा विभिन्न बहानामा अनि अंग्रेजी शिक्षा समेत भनेर सशुल्क शिक्षा बनाइन्छ ।

यो संविधानको मर्म र भावना विपरीत हुन जानेछ ।सामुदायिक विद्यालयको शिक्षामा सामाजिक लागत निकै उच्च छ । एक अध्ययन अनुसार विद्यालय तहको प्रति विद्यार्थी उत्पादन लागत राज्यको तर्फदेखि वार्षिक २८ हजार छ भने अभिभावकले विभिन्न नाममा थप गर्नुपर्ने रकम जोड्दा यो रकम करिब-करिब संस्थागत विद्यालयको हाराहारीमा पुग्न जान्छ ।

मेरो बुझाइमा यदि शिक्षा ऐनले भौचर प्रणाली लागू गरिदियो भने प्रारम्भिक चरणमा निश्चित विद्यालयहरू लागू गर्दै जाँदा बढीभन्दा बढी सामाजिक न्याय स्थापना भई शिक्षामा दक्षता र उत्पादकत्वको सिद्धान्तलाई व्यावहारिक रूपमा लागू गर्न सकिन्थ्यो कि ? सामुदायिक विद्यालयहरूमा भौचर प्रणाली लागू गरेर निम्न कुराहरूमा सुधार गर्न सके सुनमा सुगन्ध हुनेथियो ।क. गरिबको स्कुलः सामुदायिक विद्यालयको जबर्जस्त पहिचान हो- गरिबको विद्यालय । अब विस्तारै यी विद्यालयहरू गरिबको होइनन् कि भन्ने परिराखेको छ । जहाँ प्रवेश परीक्षा लिएर विद्यार्थी भर्ना गरिन्छ, गरिबको पहुँच हट्छ । संस्थागत स्कुलमा पढेका मेधावी विद्यार्थीहरू स्वाभाविक रूपमा त्यहाँ छानिने भए ।सरकारी कोटामा छात्रवृत्ति पाउनको निम्ति कर्णाली अञ्चलका विद्यालयहरूमा समेत काठमाडौंबाट पठाउने अभिभावकका लागि यो आँगनमै गंगा भयो । राम्रा विद्यार्थी राम्रो रिजल्ट अनि राम्रो ख्याति अब विद्यालय र अभिभावकलाई के चाहियो ।

तर भौचर प्रणालीबाट यो रोक्न

बाँकी तेस्रो पृष्ठमा........

न्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता न्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय
बारागढी, बारा

# राष्ट्रिय शिक्षा नीतिमा........................

सकिन्थ्यो ।ख. अंग्रेजी माध्यमः सरकारी विद्यालयको सुन्दर पक्ष भनेको सृजनात्मकता हो । अनेकौं आर्थिक समस्याका बीचबाट विद्यार्थीले जीवन र जगतसँगको तालमेलबाट भोगाइ र गोदाइबाट जे सिक्थे त्यो नम्बरी सुन जस्तो हुन्थ्यो । जेनतेन ल्याएको नम्बरबाट उसले ठूलाठूला चमत्कार देखाउन सक्षम बन्थे । आज त्यो हराउँदै गयो । निजी स्कुलकै सिको गरेर आफूलाई एक नम्बर त देखाउन सकिएला तर नेपाली मौलिक वातावरण समाप्त पार्दै अंग्रेजीको पछि दौडनु त्यति राम्रो होइन ।

हाम्रो समाजको मौलिक आधार, संस्कृति र सृजनशीलता जस्ता कुराहरूलाई बिर्सदै बजारको पछि दौडिंदाको क्षति हाम्रै समाजमा ठूलो हुनेछ ।धनी, गरिब सबै वर्गका बच्चाहरूलाई स्वेच्छिक रूपमा पढ्न पाउने प्रणाली भनेकै भौचर प्रणाली हो जहाँ निश्चित रकम अंकित कुपन बोकेर अभिभावक जुनसुकै स्कुल जान सक्छन् ग. सशुल्क शिक्षाः निजी विद्यालयमा राम्रै शुल्क तिरेर आवासीय बनेका विद्यार्थीहरू प्रतिस्पर्धा गर्दै सरकारी विद्यालयमा पढ्न पाउँदाको खुसी गजबको हुन्छ ।

तर केही विपन्न वर्गका विद्यार्थीलाई अंग्रेजी माध्यमको नाममा टाई-बेल्ट समेत भिराएर अंग्रेजी माध्यमका पाठ्यपुस्तक पढाउँदा अब सरकारी र निजी स्कुलको विभेद कहाँ रहन गयो त ? यसले देशको वर्तमान ऐन, नियम र कानुनको उल्लंघन मात्र गरेको छैन, बालबच्चाहरूको निर्वाध र सर्वसुलभ रूपमा पढ्न पाउने अधिकारको अपहरण गरेको छ ।

भौचर प्रणालीबाट यस्तो अधिकारको पूर्ण परिपालन हुनसक्थ्यो ।घ. शिक्षक कर्मचारी मर्कामाः भोलि दरबन्दी आउला र सरकारी सेवा सुविधा पाउला भन्ने आशमा हजारौं शिक्षक कर्मचारीहरू निजी स्रोत वा ज्यालादारीमा काम गरि रहेका छन् । शिक्षकहरूलाई स्थानीय तहको मातहतमा राख्ने प्रावधान लगायत दर्जनौं समस्या शिक्षा क्षेत्रमा विद्यमान छन् । शिक्षामा नवउदारवाद प्रवेश भएसँगै सरकारले दरबन्दी थप गर्ने काम गर्दैन । पछिल्लो समयमा विद्यालय स्वीकृति समेत रोकिएको अवस्थामा छ । यसबाट नयाँ जनशक्तिको व्यवस्थापनमा चुनौती देखिएको छ ।अर्कोतर्फ यी विद्यालयहरूमा अंग्रेजी माध्यममा बच्चा पढाउने र छात्रवृत्ति हात पार्ने ध्याउन्नमा टाठाबाठा मध्यम वर्गका अभिभावकको ओइरो लागिरहेको छ । जनशक्ति व्यवस्थापन झुटो आश्वासनको भरमा हुँदै आएको छ । यसले सामाजिक न्यायमा चुनौती थपिदिएको छ । धनी, गरिब सबै वर्गका बच्चाहरूलाई स्वेच्छिक रूपमा पढ्न पाउने प्रणाली भनेकै भौचर प्रणाली हो जहाँ निश्चित रकम अंकित कुपन बोकेर अभिभावक जुनसुकै स्कुल जान सक्छन् ।भौचर प्रणाली नेपाल जस्तो मुलुकको निम्ति अति उपयुक्त देखिन्छ भन्ने कुरा माथिका तथ्यहरूबाट प्रष्ट हुन्छ । गहन अध्ययन र बहस विना विदेशीको समेत इशारामा हामीकहाँ शिक्षा जस्तो संवेदनशील क्षेत्रको नीति बन्छ जसको कि कार्यान्वयन नै हुनसक्दैन कि नेपालको आवश्यकतालाई सम्बोधन गर्न सक्दैन । भौचर प्रणालीले जसले नेपालको शिक्षा क्षेत्रमा विद्यमान वितरणको समस्यालाई हल गर्दछ र समाजमा रहेका फरक-फरक आर्थिक हैसियतका अभिभावकहरूलाई समेत न्याय गर्दछ ।विद्यालयहरू बीच प्रतिस्पर्धा बढाउँछ भने शिक्षकहरूको दक्षता अभिवृद्धि गर्दै अन्योलमा परेका शिक्षक तथा कर्मचारीको वृत्ति-विकासको चाँजोपाँजो मिलाउन योगदान दिन्छ । निजी र सरकारी विद्यालयहरूसँग सम्बन्धी दर्जनौं समस्या छन् । ती सबै समस्यालाई न्यूनीकरण गर्न राज्यले भौचर प्रणालीको प्रविष्टि रहेको वैज्ञानिक शिक्षा ऐन तथा नियमावली निर्माण गर्नेतर्फ एकपटक बहस गर्ने कि ! सामुदायिक सामुदायिक जस्तै बन्नुपर्‍यो, संस्थागत संस्थागत जस्तै । विद्यालयहरूले आफ्नो पहिचान कायम राख्दै सामाजिक उत्तर दायित्व निर्वाह गर्दै जानुपर्दछ ।

सत्य तथ्य र निष्पक्ष सामाचार का लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

# जातीय घृणा विरुद्ध विवेकसम्मत न्याय

भारतका पूर्व प्रधानन्यायाधीश रञ्जन गोगोईले भनेका छन्– हल्ला गर्ने प्रेस र विवेक प्रयोग गर्ने न्यायाधीश लोकतन्त्रका अन्तिम घेराका रक्षक हुन् । जातीय घृणा र विभेदका जगमा जाजरकोटका नवराज विक सहितका युवालाई हत्या गरेर भेरी नदीमा फाल्ने अपराध विरुद्ध नेपालको प्रेस र न्यायालयले लोकतन्त्रका लागि रक्षक बन्न पुगेको दृष्टान्त पेश गरेका छन् ।'अर्काको घरमा अनुमति नलिइकन गएको', 'स्थानीयले सोधखोज गर्दा भाग्ने क्रममा भेरी नदीमा हाम फालेर आत्महत्या गरेको', 'माथिल्लो जातकी अर्काकी छोरी चेली ताकेको' भन्ने स्तरका कथनहरुका पछि नलागी प्रेसले रुकुमपश्चिममा नवराज विक सहितका युवाको हत्या भएको घटनाको वास्तविकता सार्वजनिक गर्न 'होहल्ला' गरिरह्यो ।

अनि अनुसन्धान, अभियोजनपछि परिस्थिति र प्रमाणको मूल्याङ्कन गरेर १८ महिनापछि मंगलबार रुकुमपश्चिम जिल्ला अदालतले विवेकसम्मत निर्णय गर्‍यो ।रुकुमपश्चिम जिल्ला अदालतका न्यायाधीश खड्कबहादुर केसीको इजलासले चौरजहारी नगरपालिकाको सोती गाउँमा भएको त्यो जघन्य अपराधमा मंगलबार साँझ २३ जनालाई जन्मकैद हुने फैसला गरेको छ । अरु तीन जनालाई जातीय छुवाछूतमा २ वर्ष कैद र ५० हजार जरिवाना हुने फैसला सुनाएको छ भने ८ जनाले सफाइ पाएका छन् ।यो फैसलाको अन्तर्य भनेको लोकतान्त्रिक समाजमा टाउको उठाउन दिनै नहुने जात व्यवस्था र त्यसको आडमा गरिने राजनीतिको निकृष्ट खेल यो पटक न्याय व्यवस्थाको एक तहबाट पराजित भएको छ । लोकतान्त्रिक व्यवस्थामा सार्वजनिक पहुँच प्रयोग गरेर कुनै जात वा समुदायबाट गरिने विभेदपूर्ण व्यवहार र ज्यादती दण्डनीय हुनैपर्थ्यो ।आफ्नो प्रेम प्रकट गरेका कारण युवा नवराज विक र उनलाई साथ दिने साथीहरु माथिको जघन्य हमला मामुली ज्यान मुद्दा मात्रै थिएन ।

फौजदारी न्याय प्रणालीको भाषामा त्यो हत्या सम्बन्धी एउटा सितिमिति कसुरमा सीमित पनि थिएन । त्यस्तै यो दुई परिवार वा दुई गाउँ वा जिल्लाका केही समुदाय बीचको झगडा मात्रै पनि थिएन ।अपराधको घटनास्थल प्रकृति मुचुल्काले के देखाउँछ भने त्यहाँ एउटा समुदाय माथि अर्कोले सामूहिक रुपमा आक्रमण गरिएको थियो । निकृष्ट गालीगलौज र जातीय अहंकारवश त्यो अपराध भएको थियो ।समस्याको चूरोमा शताब्दीयौंदेखि समाजमा जमेर बसेको छुवाछूत र त्यसको आडमा भइरहेको अमानवीय भेदभाव थियो । अनि यसको जगमा कथित माथिल्लो जात र क्रान्तिकारी आडम्बरमा समाज, राजनीतिक व्यवस्था र त्यसको संरचनाले गर्ने विभेदपूर्ण व्यवहारलाई राज्य र समाजले कसुर नमान्ने परम्परागत मान्यता पनि थियो ।रुकुमपश्चिम जिल्ला अदालतले आज गरेको फैसलाबाट भेदभावका जगमा भएको त्यो जघन्य अपराधलाई सामान्य कसुर देखाउन पारिवारिक, सामाजिक र राजनीतिक बर्को ओढाउन खोज्ने प्रवृत्ति परास्त भएको छ । र यो फैसला पहुँचहीन अनि समाजमा बोलवाला नभएका निर्धाहरुले पनि न्याय पाउन सक्छन् भन्ने आशा जगाउने एउटा आधार भएको छ ।दोहोर्‍याएर भन्नुपर्छ यो निन्दनीय अपराधको आधार जातीय अहंकार थियो ।

दलित केटा र माथिल्लो जातकी केटी बीच प्रेम सम्बन्ध रहेको र नवराज विक सहितका युवाहरुले त्यो सम्बन्धलाई विवाहमा परिणत गर्न खोजेको थाहा पाएर उनीहरु माथि गरिएको हमला थियो ।यो कुनै परिवार वा पक्षका बीचमा भएको असमझदारीले सिर्जना गरेको सानोतिनो दुर्घटना थिएन, सामाजिक हैसियत र जात प्रथाका आडमा कथित तल्लो जात माथि गरिएको योजनाबद्ध हिंसा थियो ।घटनामा ६ युवाको हत्या भयो । उनको परिवारले आफना प्रियजनहरु गुमाए । समाजले हिंसा र अशान्ति खेप्यो । न्यायालयको आजको फैसलाले यो अपूरणीय क्षतिलाई पूर्ति गर्ने सम्भावना छैन ।

# मानव जस्तो भएर.............................

हामीलाई भएन ।'प्रदेश सांसद ठाकुर ढकालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ माडीका जनताका लागि ठूलो समस्या रहेकाले संशोधन गर्नुपर्ने माग राखे । प्रदेशका पूर्व सांसद एवम् चितवन निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पूर्वअध्यक्ष कृष्ण भुर्तेलले विकासको जिम्मा स्थानीय सरकारलाई र पर्या-पर्यटनको जिम्मा मध्यवर्ती क्षेत्रलाई दिनुपर्ने धारणा राखे ।नेकपा एमाले माडीका नेता श्याम विष्टले निकुञ्जका वार्डेन र कर्मचारी देख्दा डर लाग्ने गरेको बताए । उनले सोधे, वन्यजन्तुबाट भएको क्षतिको क्षतिपूर्ति वा राहत जनताले पाउन हैरानी झेल्नुपर्ने वा नपाउने अवस्थाको अन्त्य हुन्छ कि हुँदैन ?राष्ट्रिय सरोकार तथा समन्वय समितिका सदस्य सोनाम ग्याल्जेन शेर्पाले जनता र निकुञ्ज बीचको द्वन्द्व राम्रो नहुने बताए । सगरमाथा राष्ट्रिय निकुञ्जसँग त्यहाँका मध्यवर्ती क्षेत्रका जनताको यो तहको द्वन्द्व नभएको उनले सुनाए ।'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन त्यहाँ र यहाँको एउटै हो, तर यहाँ धेरै समस्या रहेछ' सोलुखुम्बुका शेर्पाले भने, 'सगरमाथामा निकुञ्ज प्रशासन, सेना र स्थानीय बासिन्दाको बीचमा राम्रो समन्वय छ । त्यहाँ जनतालाई समस्या पर्‍यो भने निकुञ्जले सुनिहाल्छ ।'समिति सभापति दिलकुमारी रावल 'पार्वती'ले नीतिगत तहबाटै जनता र निकुञ्ज बीचको द्वन्द्व समाधानका लागि संकलन गरिएका सुझाव अनुसार छलफल अगाडि बढाउने बताइन् ।सगरमाथा निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षमा पनि पुगेर सुझाव संकलन गरिएको सभापति रावलले जानकारी दिइन् । सगरमाथामा छाडा कुकुरहरू तथा कोशीमा अर्ना, खुला छाडिएका पशुहरूको समस्या रहेको पाइएको उनले बताइन् । बढी समस्या चितवन राष्ट्रिय निकुञ्ज आसपासका जनतामा देखिएको उनको धारणा छ । सरोकारवाला पक्षसँग छलफल गर्ने भन्दै उनले बाझिएको र दोहोरो अर्थ लाग्ने कानुन सुधार गर्न जनस्तरबाट आएको सुझावले काम गर्ने सभापति रावलले बताइन् ।

# घोडाघोडी क्रिकेट................................

हारेर ब्याटिङ गरेको शुक्लाफांटा ब्ल्याकबक्स फाउन्डेसनले २० ओभरमा ९ विकेट गुमाएर १७६ रन बनाएको थियो ।शुक्लाफांटाको लागि ओपनर अशोक विष्टले सर्वाधिक ४१ रन योगदान दिए जुनक्रममा उनले ३५ बलमा ६ चौका प्रहार गरे । किरण ठगुन्नाले २२ बलमा ४ चौका र २ छक्का मद्दतले ३५ रन बनाए । बसन्त खत्रीले २३ तथा लोकेश जोशीले २० रन बनाए।खप्तड इन्डोर स्पोर्ट्सको बलिङमा रवि विष्टले सर्वाधिक ३ विकेट लिए जुन क्रममा ३ ओभरमा २१ रन खर्चिए । प्रकाश पाण्डेले २ तथा मुकेश विष्ट, नगेन्द्र उपाध्याय र दीपक टमाटाले १/१ विकेट लिए।प्रतियोगिता अन्तर्गत चौथो दिन पनि दुई खेल हुनेछन् । पहिलो खेल विहान ९ बजे आयोजक लिटल फ्लावर र घोडाघोडी क्रिकेट एकेडेमी बीच तथा दोस्रो खेल १ बजे कैलाली जिल्ला क्रिकेट क्लब र खप्तड इन्डोर स्पोर्ट्स ट्रेनिङ सेन्टर बीच हुनेछ ।लिटल फ्लावर स्पोर्टस् क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताको यो आठौं संस्करण हो । प्रतियोगिताको उपाधि विजेताले दुई लाख ५५ हजार र उपविजेताले एक लाख २८ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टिमको सहभागिता रहेको छ ।

# माओवादी..........................

भएको बताउँदै अध्यक्ष प्रचण्डले मधेश कम्युनिस्ट आन्दोलनको स्थापनादेखि अहिलेसम्म अग्रमनको पक्ष रहँदै आएको र नेपालकै लागि एउटा राम्रो सन्देश दिँदै आएको बताउनुभयो । मधेस प्रदेश प्रमुख लिलामणि पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य, प्रदेश समितिका पदाधिकारी, अभियानका जिल्ला संयोजक र जिल्ला अध्यक्षसहित एक हजारभन्दा बढी नेताको सहभागीता रहेको थियो । नेकपा माओवादी केन्द्रले गौशालामा आयोजना गरेको जनतासँग माओवादी विशेष रूपान्तरण अभियानको कार्यक्रममा पत्रकारलाई समाचार संकलनमा रोक थियो कार्यक्रम हलमा प्रवेश गरिसकेका पत्रकारहरुलाई कार्यक्रम सञ्चालकको भूमिकामा रहेका माओवादी नेता विश्वनाथ साहले पत्रकारलाई सम्बोधन गर्दै बाहिर निस्किहाल्न आग्रह गरेका थिए । 'फोटो खिचिहाल्नु भयो । अब सबै पत्रकारहरु बाहिर जानुस्,' कार्यक्रम सुरुहुनु अघि नेता साहले माइकमा बोल्दै भने ।यता प्रधानमन्त्री सहभागी कार्यक्रमको समाचार संकलनमा रोक लगाएको भन्दै पत्रकारहरुले आपत्ति जनाएका छन् ।

# एनसेल खरिद..

गराउन नेपाल सरकार प्रतिबद्ध रहेको छ । दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा प्रकाशित समाचारप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै मन्त्री शर्माले यस कारोबारका सम्बन्धमा अध्ययन गर्न प्रधानमन्त्रीले सोमबार नै सम्बन्धित निकायलाई निर्देशन दिइसकेको उल्लेख गरेकी छन् ।

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

परवानीपुर गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# मानव जस्तो भएर बाँच्न पनि पाइँदैन

१९ माघ, चितवन।

चितवनको माडी नगर पालिका चारैतिरबाट वन-जंगलले घेरिएको सुन्दर उपत्यका हो। कृषिको निकै उर्वर मानिएको माडी माछापालनमा पनि अब्बल छ। पर्या-पर्यटनका दृष्टिकोणबाट समेत निकै सम्भावना बोकेको ठाउँ हो । तर माडीका आफ्नै दुःख छन्, दुःखले उब्जाएका आक्रोशहरू छन् ।जब साँझ पर्दै जान्छ, तब माडीवासीलाई चिन्ता लाग्न थाल्छ।

राति जंगली जनावरले आएर मार्ने हो कि ? लगाएको खेतीबाली सबै खाइदिने हो कि ? राति १० बजेपछि त माडी आवतजावत पनि रोकिन्छ । त्यसैले माडीवासी व्यवसाय सञ्चालन गर्छु भन्यो भने चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट अनुमति लिनुपर्छ । निकुञ्जको सिफारिस विना अन्य निकायले व्यवसाय दर्ताको प्रमाणपत्र दिँदैन ।

कसराबाट वनकट्टा जाने सडक धुलाम्ये भएर हिंडिनसक्नु छ । निकुञ्जले कालोपत्रे गर्न रोकेको आरोप लगाउँछन् माडीवासी । माडीमा बन्दै गरेका पुलहरू अलपत्र छन् ।स्थानीय भगीरथ बस्याल माडीवासी मानव जस्तो भएर बाँच्न समेत नपाएको गुनासो गर्छन् ।

बिरामी हुँदा उपचार गर्न भरतपुर लैजान समेत कतिपय अवस्थामा समस्या हुने गरेको दुःखेसो पोखे । निकुञ्जबाट पाएका समस्याको सहजीकरणमा नै आफूहरूको दिन बित्ने गरेको बताइन् ।'राति १०/११ बजेसम्म फोनबाट हुन्छ कि आफैं उपस्थित भएर हुन्छ, समस्याको सहजीकरणका लागि जानुपर्छ, अधिकांश समय यस्तैमा बित्छ' महतो भन्छिन्, 'जनताले मात्रै होइन, स्थानीय सरकारले पनि निकुञ्जबाट धेरै समस्या झेल्नुपरेको छ ।'अरू संविधानले दिएको अधिकारहरू समेत नगरपालिकाले उपभोग गर्न नपाएको उनको गुनासो छ ।

माडी आउने बाटोको निकुञ्जभित्र पर्ने खण्डमा ग्राभेल निकाल्दा समेत निकुञ्जलाई कर तिर्नुपर्ने उनको गुनासो छ ।नदी भगारिएर खेतीयोग्य



चितवन राष्ट्रिय निकुञ्जका कारण दुःख मात्र पाएको गुनासो गरिरहन्छन् । हरेक राजनीतिक फोरम, नीतिनिर्माण तहका बहसमा आक्रोश पोखिरहन्छन् ।राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले माडीवासीका समस्या, गुनासा र भोगाइ सुन्न भनेर राखेको कार्यक्रममा पनि आक्रोश छचल्किन्थ्यो । शैली व्यक्ति अनुसार फरक-फरक थियो, तर सबैको धारणा समान थियो– निकुञ्जले दुःख दियो ।

जनतादेखि जनप्रतिनिधि सबैका गुनासा उस्तै थिए ।माडीका युवा नेत्र काफ्ले केही वर्ष अगाडि माडी नगरपालिकाबाट उत्कृष्ट बाख्रापालक किसानका रूपमा सम्मानित भएका थिए । उनले बाख्रा पाल्न भनेर डेढ बिघामा लगाएको जई घाँस सबै गैंडा लगायत वन्यजन्तुले खाइदियो । उनले क्षतिपूर्ति पाएनन्, त्यसपछि १५ लाख लगानी गरेर थालेको पेशा नै छाडिदिए । निकुञ्ज माडीका लागि अभिशाप भएको भन्दै उनले भने, 'मैले लगाएको खेतीपाती वा पशुचौपायको क्षति हुँदा राहत आए पो म संरक्षणमा लाग्छु ।'माडीवासीको आक्रोश कुनै एक घटनाले बढाएको होइन ।

वन्यजन्तुबाट हुने हानि-नोक्सानी त छँदैछ, मध्यवर्ती सम्बन्धी कानुनले पनि त्यति नै हैरानी खेप्नु परेको छ । माडीबाट बच्चा सुताउने झोलुङ्गो, कुखुराको मासु, माछा मारेर भरतपुर ल्याउन पाइँदैन । कुनै खेतीबाट उत्पादन र क्षतिबाट राहत लिनसक्ने व्यवस्थापन भए मात्रै जनता र निकुञ्जको द्वन्द्व कम हुने उनले बताए ।अयोध्यापुरी सामुदायिक होमस्टेका अध्यक्ष मोहनबहादुर पुनले माडी आउने सडक राति १० बजे नै बन्द हुँदा पर्यटकहरू रोकिने र कैयौंपटक तयारी खेर जाने गरेको सुनाए । पर्यटकका लागि सांस्कृतिक कार्यक्रम देखाउन खोज्दा ८ बजे नै बन्द गर्नुपर्दा समेत पर्यटन व्यवसायलाई असर गरेको गुनासो पोखे ।पूर्व जनप्रतिनिधि शिवहरि सुवेदीले वन्यजन्तुबाट सुरक्षित हुन लगाइएका सोलार फेन्सिङ्ग र विद्युतीय तारबारका कारणले माडीवासीले अकालमा मृत्युवरण गर्नुपरेको गुनासो गरे । यसरी मृत्यु भएकाहरूको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गरे ।

खोलानालाहरूले धार परिवर्तन गरेर नम्बरी जग्गा निकुञ्जतिर पर्ने अवस्था भएकाले २०२६ सालको नापीको आधारमा सीमा तय हुनुपर्ने बताए ।निकुञ्जबाट प्रताडित हुनुपरेको कारणले माडीको जनसंख्या समेत कम हुँदै गएको माडीवासीको गुनासो छ । कुनै बेला ७० हजार रहेको माडीको जनसंख्या घटेर ३८ हजारमा आउनुको दोष निकुञ्जको हैरानी भएको आरोप उनीहरू लगाउँछन् ।माडीका जनप्रतिनिधि पनि निकुञ्जले सहजीकरण नगरि दिंदा आफूहरू हैरान भएको सुनाउँछन् । माडी नगरपालिकाकी मेयर ताराकुमारी काजी महतोले जनताले जमिन नष्ट गर्नुका साथै बस्तीमा बाढी पस्ने खतरा हुँदा समेत ढुंगागिट्टी निकाल्न नपाएको उनले बताइन् । आलोचना जति जनप्रतिनिधिले खेप्नुपर्‍यो, तर अधिकार जति निकुञ्जलाई हुने अवस्थाले काम गर्न समस्या भएको नगरप्रमुख महतोको भनाइ छ ।माडीवासीको समस्या प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसम्म पुर्‍याउँदा पनि सम्बोधन नभएको उनको गुनासो छ । 'प्रधानमन्त्रीज्यूलाई हाम्रा समस्याहरू लिखित रूपमा बुझाइएको छ ।

उहाँले पहल गर्छु समाधान गर्छु भन्नुहुन्छ, तर नतिजा अहिलेसम्म आएको छैन' नगर प्रमुख महतो भन्छिन्, 'वार्डेन, गृहमन्त्री, प्रधानमन्त्रीको अगाडि माडीका समस्याहरू राखियो, तर हाम्रा मागहरू कहाँ थन्किन्छन् थाहा छैन । स्थानीय सरकार भएको अनुभूति गर्न पाइएन ।'महतोको जस्तै गुनासो छ, पर्साको ठोरी गाउँपालिका उपाध्यक्ष गोकुलीकुमारी रेग्मीको । निकुञ्जभित्रको भनेर ठोरी, माडी लगायत बस्तीलाई गरिएको व्याख्या नै गलत भएको बताइन् । वन्यजन्तु र खोलानालाबाट भोगिरहेको हैरानीबाट जनतालाई जोगाउन चुनौतीपूर्ण रहेको गुनासो गरिन् ।

'नदीजन्य पदार्थ भरिएर बस्ती नै लैजाला जस्तो हुँदा पनि निकुञ्जले त्यसलाई निकाल्ने अधिकार नै दिएन' उपाध्यक्ष रेग्मीले भनिन्, 'राजस्वको अधिकार समेत

**बाँकी तेस्रो पृष्ठमा........**

# खेल खबर

## ललितपुरलाई रोक्दै वीरगञ्जले जोड्यो अंक




१९ मंसिर, काठमाडौं ।

ललितपुर सिटीलाई बराबरीमा रोक्दै वीरगञ्ज युनाइटेडले नेपाल सुपर लिगमा अंकको खाता खोलेको छ। मंगलबार भएको खेलमा वीरगञ्जले ललितपुरलाई २-२ गोलको बराबरीमा रोकेको हो ।बराबरीसँगै वीरगञ्जले एक अंक जोडेको छ । ललितपुरको भने यो लगातार तेस्रो बराबरी हो र उसको ६ अंक भएको छ ।त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा अग्रता वीरगञ्जले नै लिएको थियो। उसका लागि १०औं मिनेटमा विलियम ओपोकुले गोल गरे। तर त्यो अग्रता धेरैबेर टिकेन। १३औं मिनेटमा इमोन इकेजेले वान भर्सेस वानमा बराबरी गोल गरे ।

३९औं मिनेटमा निखिलले गोल गरेपछि पहिलो हाफमा ललितपुरले २-१ को अग्रता बनायो ।तर दोस्रो हाफको सुरुमै वीरगञ्जले गोल फर्कायो। विलियम ओपोकुले करिव ३५ यार्डबाट हानेको फ्रिकिक क्रसबारमा लागेर फर्किएको थियो, जुन बललाई कृपाकान्त चौधरीले गोलमा परिणत गरे ।ललितपुरले खेलमा फर्किने प्रयास नगरेको होइन, तर गोल गर्न सकेन ।

अन्तिम मिनेटमा कप्तान अनन्त तामाङले हानेको फ्रि किक वीरगञ्जका कप्तान समेत रहेका गोलकिपर दीप कार्कीले पञ्च गरेर गोल बचाएपछि वीरगञ्जले १ अंक सुनिश्चित गरेको छ।

## घोडाघोडी क्रिकेट एकेडेमी र शुक्लाफांटा ब्ल्याकबक्स फाउन्डेसन विजयी

१९ मंसिर, धनगढी । कैलालीको धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग (एलपीएल) को आठौं संस्करणमा मंगलबार भएको दुई खेलमा घोडाघोडी क्रिकेट एकेडेमी र शुक्लाफांटा ब्ल्याकबक्स फाउन्डेसन विजयी भएका छन्।समूह 'सी' अन्तर्गतको पहिलो खेलमा कैलालीको थिए ।बलिङमा सुदूर पश्चिमाञ्चलका वीरेन्द्र चन्द र पारस सुनारले २/२ तथा सौर्य श्रेष्ठ र निसान रेग्मीले १/१ विकेट लिए।टस जितेर ब्याटिङ गरेको सुदूर पश्चिमाञ्चल एकेडेमीले १८.५ ओभरमा ११० रन बनाउँदा सबै विकेट गुमायो । उसका आशिष 'ए' अन्तर्गत शुक्लाफांटा ब्ल्याकबक्स फाउन्डेसनले विजयी सुरुवात गर्ने क्रममा खप्तड इन्डोर स्पोर्ट्स ट्रेनिङ सेन्टरलाई ११२ रनको विशाल अन्तरले पराजित गरेको छ।शुक्लाफांटाले दिएको १७७ रनको लक्ष्य पछ्याएको खप्तड इन्डोरले १५.१ ओभरमा




घोडाघोडी क्रिकेट एकेडेमीले सुदूर पश्चिमाञ्चल एकेडेमीलाई ४ विकेटले पराजित गर्दै विजयी सुरुवात गर्‍यो । प्रतियोगितामा सुदूरपश्चिमाञ्चलको यो दोस्रो हार हो । सुदूरपश्चिमाञ्चलले दिएको १११ रनको लक्ष्य घोडाघोडीले १६.५ ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो ।घोडाघोडीको ब्याटिङमा ओपनर बिपिनबिक्रम शाहीले सर्वाधिक ३१ रनको योगदान दिए। सञ्जय बोहराले २२ तथा कृष कार्कीले २० रन बनाए। ८१ रनमा ६ विकेट गुमेको अवस्थामा सञ्जय र कृषले ३२ रनको साझेदारी गर्दै जितसम्म पुर्‍याएका लुहारले सर्वाधिक ४२ रन योगदान दिए । ३६ बल खेलेका उनले १ चौका र ४ छक्का प्रहार गरेका थिए । सन्दीप विष्टले २७ तथा किरण कार्कीले १४ रन बनाए । घोडाघोडी क्रिकेट एकेडेमीका हरिश बस्नेतले ४ ओभर बलिङ गर्दा २२ रन खर्चेर ४ विकेट लिए । त्यस्तै सञ्जय बोहराले ३ विकेट लिए भने कृष कार्कीले २ तथा भुपेश जोशीले १ विकेट लिए।खेलको प्लेयर अफ द म्याच अलराउण्ड योगदान दिएका सञ्जय बोहरा घोषित भए।दोस्रो खेलमा समूह ६४ रन मात्र बनायो।खप्तडको लागि पुकार चन्दले १३ तथा प्रकाश पाण्डेले १२ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।खप्तडलाई सस्तोमा सीमित गर्न शुक्लाफांटाका दायाँ हाते पेसर कैलाश ऐर एक्लैले ५ विकेट लिए। प्लेयर अफ द म्याच ऐरले ३.१ ओभरमा १५ रन खर्चिएका थिए । सुशील रावल, भरत चन्द, बसन्त खत्री र सुरज तिरुवाले १/१ विकेट लिए।टस

**बाँकी तेस्रो पृष्ठमा........**